# राशन, इन्धन र परिवहन महाशाखा, जंगी आड्डाको

## राशन/विरामी डाईट आपूर्ति सम्वन्धी सिलबन्दी वा विद्युतिय बोलपत्र (E-Bidding) आव्हानको सूचना नं.८

सूचना प्रकाशित मिति २०७३/११/१८ गते ।

श्री पश्चिम पृतना हे.क्वा. समुह, विजयपुर व्यारेक, कास्की, श्री नं.३ बाहिनी अड्डा समुह, खैरेनीटार व्यारेक, तनहुँ, श्री नं.६ बाहिनी अड्डा समुह, बैरेनी व्यारेक, धादिङ, श्री नं.९ बाहिनी अड्डा, माझीटार व्यारेक, सिन्धुली र श्री नं.२६ बाहिनी अड्डा, भकुण्डेवेशी व्यारेक, काभ्रेपलाञ्चोकको आ.व.०७३/७४ को राशन तथा विरामी डाइटको ठेक्का बन्दोवस्तको लागि मिति २०७३/०६/२० गतेको गोरखापत्रमा प्रकाशित यस महाशाखाको सूचना नं.४ अनुसार छनौट भएका बोलपत्रदातासँग भएको खरिद सम्झौता अन्त्य भएको हुँदा उपरोक्त जिल्लाहरू स्थित पृतना तथा बाहिनी अड्डा समुहको लागि खरिद सम्झौतामा उल्लेखित मितिबाट २०७४ साल पौष मसान्तसम्म आवश्यक पर्ने राशन/विरामी डाईट आपूर्तिको निमित्त सार्वजनिक खरिद ऐन र नियमावली तथा यस महाशाखाको मिति २०७३/०६/२० गतेको गोरखापत्रमा प्रकाशित सूचना एवं यसै सम्बन्धी बोलपत्र फाराममा उल्लेखित बोलपत्रदाताको वित्तिय क्षमता र यस पूर्व सफलतापूर्वक राशन आपूर्तिको कार्य सम्पन्न गरेको अनुभव लगायतका सम्पूर्ण शर्तहरूको अधिनमा रहि सिलबन्दी वा विद्युतिय बोलपत्र (E-Bidding) पेश गर्न इच्छुक फर्म/संस्था/कम्पनीहरूको लागि यो बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । बोलपत्र सम्बन्धी कागजात तोकिएको दस्तुर बुझाई नियमानुसार बिक्री गर्न तोकिएका निकायहरूबाट मिति २०७३/१२/१७ गते (बिदाको दिन बाहेक) को कार्यालय समयसम्म बिक्री हुनेछ । बिक्री भएका बोलपत्रहरू मिति २०७३/१२/१८ गतेको १२:०० बजेसम्म वा सो भन्दा अगावै बिदाको दिन बाहेक कार्यालय खुलेको जुनसुकै दिनको कार्यालय समय सम्म ठेक्का बन्दोवस्त गर्ने सम्बन्धित पृतना तथा बाहिनी अड्डामा दर्ता गरिने र दर्ता भएका बोलपत्रहरू मिति २०७३/१२/१८ गतेको १३:०० बजे सम्बन्धित ठेक्का बन्दोवस्त गर्ने पृतना तथा बाहिनी अड्डाहरूमा खोलुवा गरिने छ । यो सूचना नेपाली सेनाको Website:www.nepalarmy.mil.np मा समेत हेर्न सकिनेछ । साथै, यस सूचनाको सम्बन्धमा थप कुराहरू बुझ्नु परेमा सम्बन्धित ठेक्का बन्दोवस्त गर्ने पृतना तथा बाहिनी अड्डाहरूमा सम्पर्क गरी वा मिति २०७३/१२/०७ गते उक्त युनिटहरूमा संचालन हुने बोलपत्र पेश गर्नु पूर्वको बैठकमा सहभागी भई जानकारी लिन सकिनेछ ।